# मधेश प्रदेशमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणको लागि सबैभन्दा महत्वपूर्ण परिवर्तन (MSC) मूल्यांकनबाट आएका मुख्य निष्कर्षहरूको संक्षिप्त जानकारी

## परियोजनाको संक्षिप्त जानकारी

नेपालमा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोगको सहयोगमा ब्रेक थ्रु एक्सनको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि स्थानीय प्रणाली सुदृढीकरण (R-CEFM) परियोजना, नेपाल सरकारको स्थानीय संरचनाहरूको संस्थागत र प्राविधिक क्षमतालाई सुदृढ गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि प्रभावकारी सामाजिक व्यवहार परिवर्तनका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र समन्वय सीप विकास गरी स्थानीय प्रणाली सुदृढ र बाल संरक्षणका संरचनाहरूको क्षमता अभिवृद्धि गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका बाधाहरूलाई समुदायमा आधारित, सर्वपक्षीय समन्वय तथा तथ्यमा आधारित रही सम्बोधन गर्ने लक्ष्य लिएको छ।

R-CEFM परियोजनाले गाउँ/नगरपालिका स्तरमा तथ्य र तथ्यांकको सिर्जना, क्षमता अभिवृद्धि, काम गरेर सिक्ने र समन्वयात्मक कार्यको नेतृत्व गर्दछ। ती क्रियाकलापहरूको आशय, मधेश प्रदेशमा प्रदेश र स्थानीय तहमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि नेपाल सरकारको संस्थागत र प्राविधिक क्षमता सुदृढीकरण गरी परियोजनाको रणनैतिक उद्देश्य पूरा गर्न तलका दुईवटा अन्तरिम नतिजाहरू प्राप्त गर्नु हो।

१) बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणको लागि पैरवी, कार्यक्रम तर्जुमा र बजेटको लागि निर्वाचित वडा, गाउँ तथा नगरपालिका र प्रादेशिक जनप्रतिनिधिहरू, कर्मचारीहरू र अन्य सामुदायिक कार्यकर्ताहरूको क्षमता अभिवृद्धि गर्ने।

२) गाउँ तथा नगरपालिका र प्रदेश स्तरमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका क्रियाकलापको व्यवस्थित कार्यान्वयनका लागि सहयोग गर्ने।

Breakthrough ACTION-Nepal R-CEFM परियोजनाले परियोजना सञ्चालन भएका गाँउ/नगरपालिकामा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका क्रियाकलापहरू संचालन गर्दा अवलोकन गरिएका महत्वपूर्ण परिवर्तनहरूलाई सुनिश्चित गर्न र बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका क्रियाकलापहरूको विकास गर्दाका अवसर र चुनौतीहरू पहिचान गर्न क्रियाकलाप सञ्चालन भएका मधेश प्रदेशका ६ वटा गाउँ/नगरपालिकामा समुदाय र सरकारी सरोकारवालासँग ४३ प्रमुख सूचनादाताहरूसंग अन्तरवार्ता र १९ वटा लक्षित समूह केन्द्रित छलफल सम्पन्न गऱ्यो। प्रत्येक प्रमुख सूचनादातासँगको अन्तरवार्ता र लक्षित समूह केन्द्रित छलफलमा सहभागीहरूलाई 'सबैभन्दा महत्वपूर्ण' लागेको आधारमा प्रत्येक परिवर्तनको कथा लेखिएको छ। यी कथाबाट पाँचवटा परिवर्तनका क्षेत्रहरू पहिचान गरिएका छन्। यी क्षेत्रहरूका कथाहरू र तिनीहरू सम्बद्ध प्रतिलिपिहरूको जानकारी प्रयोग गरी तयार गरिएको विवरण यहाँ प्रस्तुत गरिएको छ।



*चित्र १: सहभागीहरू कथाहरूको समीक्षा गर्दै।*

## सामुदायिक चेतनमा अभिवृद्धि

R-CEFM परियोजना आफ्नो समुदायमा सुरु भएपछि, कार्यकम संचालन भएकागाउँ तथा नगरपालिकाका सहभागीहरूले बालविवाह, उमेर नपुगी र जवरजस्ती गरिने विवाहको नकारात्मक प्रभावहरूको बारेमा समुदायमा सचेतना वृद्धि भएको व्यक्त गरेका छन् जसमा बालविवाहमा संलग्न सबै व्यक्तिहरूलाई हुन सक्ने कानूनी कारबाही, किशोरीहरूको स्वास्थ्य र तिनका भावी सन्तानमा पर्ने नकारात्मक प्रभावहरू साथै शिक्षा र आर्थिक सुरक्षासँग सम्बन्धित अन्य जीवनका परिणामहरूमा बाधा पुऱ्याउन सक्ने सम्भावनाहरू पनि समावेश छन्।

सहभागीहरूले R-CEFM परियोजनाको समन्वयमा गाउँ तथा नगरपालिका र वडाहरूले प्रत्यक्ष रूपमा विकास गरेका क्रियाकलापहरूले विभिन्न सामाजिक रूपमा सम्मानित समुदायका सदस्यहरू र सरकारी सरोकारवालाहरूलाई समावेश गरेर र धार्मिक तथा सामुदायिक अगुवाहरूको समितिहरूको गठन र उनीहरूको संलग्नतामा क्रियाकलापहरू सञ्चालन गरेर यो परिवर्तन ल्याएको बताएका छन्। यसबाहेक, सरोकारवालाहरूको बढ्दो संलग्नताको परिणामस्वरूप क्रियाकलापहरू विकास गरिएका जस्तैः आफ्ना छोरीहरू २० वर्ष पुगेपछि मात्र विवाह गर्न दिने अभिभावकहरूलाई सम्मान गर्ने कार्यक्रमहरू र घरभेट अभियानले यो परिवर्तनमा योगदान पुऱ्याएको बताए।

## शिक्षामा आएको परिवर्तन

सबै गाउँ तथा नगरपालिकाका सहभागीहरूले शिक्षाको महत्वको बारेमा समुदायको धारणामा परिवर्तन भएको बताएका छन्। पहिलापहिला आमाबाबु वा अभिभावकहरूले आफ्ना छोराछोरीको शिक्षा वा उनीहरूको इच्छाभन्दा पहिला उनीहरूको विवाहलाई प्राथमिकता दिने गर्दथे, अहिले आमाबाबु वा

अभिभावकहरूको मानसिकतामा परिवर्तन भएको व्यक्त गरे जसले आफ्ना बालबालिकाको लागि शिक्षालाई प्राथमिकता दिने र निर्णय प्रक्रियामा आफ्ना बालबालिकाका चासोहरूको ध्यान राख्ने गरेको सहभागीहरूले बताएका छन् । यसबाहेक, केही सहभागीहरूले आफ्ना छोराछोरीले आफ्नो लागि आफैले पैरवी गर्ने क्षमतामा परिवर्तन भएको व्यक्त गरे । धेरै अनौपचारिक अवलोकनहरूले बालबालिकाहरू विद्यालय फर्किरहेको र विद्यालयमा लामो समयसम्म बस्ने गरेको देखाएको छ ।

केही गाउँ तथा नगरपालिकाहरूमा, R-CEFM परियोजनाले परियोजनाको अवधिमा शिक्षा (जस्तै : शुल्क, पाठ्यपुस्तकहरू र अन्य सामग्रीहरू) प्राप्तिमा भएका बाधाहरूलाई घटाउन उत्प्रेरित गऱ्यो जसले अभिभावकहरूको आफ्ना बालबालिकाहरूलाई शिक्षित बनाउने निर्णय प्रक्रियालाई सहज बनाएको छ । अर्को महत्वपूर्ण नतिजा गाउँ तथा नगरपालिकाहरूले विद्यालयको उपस्थितिलाई प्रोत्साहन गर्ने क्रियाकलापहरू सञ्चालन गर्न विद्यमान बाल क्लबहरूलाई पुनः सक्रिय बनाउन नेतृत्व गरिरहेको छ । यसबाहेक, गाउँ तथा नगरपालिकाहरूले बैठकहरू, छलफलहरू र विभिन्न समितिहरूमा सरोकारवालाहरू, विशेषगरी अभिभावक र बालबालिकाहरूर बालबिबाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि समर्पित समितिहरु समेत समावेश गरका छन् ।

## संरचनात्मक तथा संस्थागत परिवर्तन

धेरै सहभागीहरूले विशेषगरी बालविवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण क्षमता र प्रणालीको क्षमता अभिवृद्धिका क्रियाकलापहरू, विषेश गरि बालबिवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका क्रियाकलाप तयारी, नेतृत्व, र गाउँ/नगरपालिका र वडास्तरमा यसलाई कम गर्ने क्रियाकलापहरूका लागि बजेट विनियोजनलाई सबैभन्दा महत्वपूर्ण परिवर्तनको रूपमा व्यक्त गरे । बजेट विनियोजनमा R-CEFM परियोजनाको सहयोगले नयाँ संरचनाहरूको गठनलाई सक्षम तुल्यायो, जस्तै सर्वदलीय समिति र प्रभावशाली नागरिक समाज समिति, धार्मिक अगुवाहरूलाई बालबिवाह उमेर नपुगी र जबरजस्ती गरिने विवाहका बारेमा कुरा गर्न समन्वय र विद्यमान संरचनाहरू जस्तै वडाको बालअधिकार समिति तथा बाल क्लबहरूको सशक्तीकरणमा मद्दत पुऱ्यायो ।धेरै सहभागीहरूले धार्मिक अगुवाहरू र वडाको कर्मचारीहरूलाई बालबिवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह सम्बन्धी कानुन कार्यान्वयनमा भएका परिवर्तनलाई उजागर गरे । सहभागीहरूले बालबिवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई रोक्न कार्यान्वयन गरिएको नियामक परिवर्तन धार्मिक अगुवाहरूबीच चेतना र क्षमता अभिवृद्धि भएको कारण गाउँ/नगरपालिकाहरूद्वारा बजेट विनियोजन गरिएका क्रियाकलापहरूसँग जोडेका छन् । केही सहभागीहरूले आफ्ना गाउँ तथा नगरपालिका बालबिवाह मुक्त घोषिणा गराउने आकांक्षाबाट प्रेरित भएको बताएका छन् । अन्यले बालबिवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको अवस्थालाई निगरानी गर्न स्वास्थ्य, शिक्षा र अन्य क्षेत्रहरूका सूचकांकहरूको नियमित समीक्षा र विश्लेषण गर्नुको महत्वलाई औंल्याए ।

## बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका बाधा र चुनौतीहरू

सहभागीहरूले बालबिवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका क्रियाकलाप कार्यान्वयनमा आएका प्रमुख चुनौतीहरू गरिबी र छोराछोरीहरूले भागेर वा प्रेमविवाह गरे भने परिवारहरूको सामाजिक बहिष्कार हुने चिन्ता उल्लेख गरे। अर्को चुनौती भनेको विनियोजित बजेट खर्च गर्नमा भएको ढिलाइ हो, जसले योजना गरिएका केही क्रियाकलापरूको कार्यान्वयन गर्न र बालबालिकाहरू समेत प्रमुख समूहहरू लाई लक्षित गर्ने क्षमतामा अवरोध पुऱ्यायो ।

## अवलोकन गरिएको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको न्यूनीकरण

अन्य महत्वपूर्ण परिवर्तनहरूसँगको संयोजनमा, सहभागीहरूले आफ्नो समुदायमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहमा न्यूनीकरण भएको अथवा उमेर पुगेपछि विवाह गर्नेको संख्या वृद्धि भएको अवलोकन गरेका छन् । केहीले गाउँ/नगरपालिका/वडाहरूले आर्थिक सहयोग गरी स्थानीय समितिहरू जस्तैः स्थानीय बालअधिकार समिति, वडा बालअधिकार समिति र बाल क्लबहरूलाई सर्वदलीय समिति, प्रभावशाली नागरिक समाजका सदस्यहरूको समिति र धार्मिक अगुवाहरूको सहयोगमा सक्रिय रूपमा बालबिवाह, उमेर नपुगी वा जबरजस्ती गरिने विवाहको दर अनुगमन गर्न नेतृत्व गरेको तथ्यले उनीहरूलाई प्रभावित पारेको उल्लेख गरे । सहभागीहरूले आफ्नो क्षेत्रलाई बालविवाहमुक्त घोषणा गर्न चाहने प्रेरणाबाट उत्प्रेरित भएको उल्लेख गरे । यसले बालबिवाह, न्यूनीकरणमा केन्द्रित हुन र उमेर नपुगी गरिने विवाहको रोकथामको लागि व्यक्तिगत प्रयासलाई हौसला बढाएको छ । धेरै व्यक्तिहरूले बालविवाह वा उमेर नपुगी गरिने विवाहको योजनामा हस्तक्षेपको प्रत्यक्ष अनुभव सुनाए । केहीले २० वर्षपछि छोराछोरीको विवाह गरिदिएका अभिभावकलाई सार्वजनिक रूपमा सम्मान गर्ने क्रियाकलापहरूको सराहना गरे, जसले ढिलो गरिने विवाहलाई समुदायमा बढी सामान्य बनाएको छ । सहभागीहरूले R-CEFM परियोजनाको प्राविधिक सहयोगमा गाउँ/नगरपालिकाद्वारा नेतृत्व गरिएका बालबिवाह र उमेर नपुगी गरिने विवाहलाई ट्र्याकिङ गर्ने समेतका विभिन्न क्रियाकलापहरूको महत्वलाई सराहना गरे ।

यो सामग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी) को Breakthrough ACTION परियोजनामार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस सामग्रीभित्रका विषयवस्तुले यूएसएआईडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।

USAID अमेरिकी जनताबाट

Breakthrough ACTION FOR SOCIAL & BEHAVIOR CHANGE

मधेश प्रदेश सरकार
खेलकुद तथा समाज कल्याण मन्त्रालय
जनकपुरधाम, धनुषा